आठविसकोट नगरपालिका नगर कार्यपालिकाको ४२ औं बैठक मिति २०७६ मंसिर ०५ गते नगरप्रमुख श्री गोर्ख बहादुर के.सी.को अध्यक्षतामा तपशिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा बस्यो । उक्त बैठकका सहभागीहरुको उपस्थिति विवरण यसप्रकार छ :-

उपस्थिति

| क्र.स. | नाम थर | कार्यरत कार्यालय | पद | दस्तखत (२०७६।०८।०५) | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री गोर्ख बहादुर के.सी. | नगरपालिका | नगर प्रमुख | | |
| २ | श्री गीता नेपाली | नगरपालिका | नगर उपप्रमुख | | |
| ३ | श्री रामबहादुर के.सी. | नगरपालिका | नि. प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री देवबहादुर घर्ती | आठविसकोट-१ | वडा अध्यक्ष | | |
| ५ | श्री देवबहादुर थरी | आठविसकोट-२ | वडा अध्यक्ष | | |
| ६ | श्री प्रेङ्का थरी | आठविसकोट-२ | महिला सदस्य | | |
| ७ | श्री केशरमान वि.क. | आठविसकोट-३ | वडा अध्यक्ष | | |
| ८ | श्री बाबुराम विष्ट | आठविसकोट-४ | वडा अध्यक्ष | | |
| ९ | श्री प्रभा मल्ल नेपाली | आठविसकोट-४ | महिला सदस्य | | |
| १० | श्री प्रजिते कामी | आठविसकोट-५ | वडा अध्यक्ष | | |
| ११ | श्री डिल बहादुर सार्की | आठविसकोट-६ | वडा अध्यक्ष | | |
| १२ | श्री नवराज बुढा | आठविसकोट-७ | वडा अध्यक्ष | | |
| १३ | श्री मानबहादुर चदारा | आठविसकोट-८ | वडा अध्यक्ष | | |
| १४ | श्री तारक बहादुर शाही | आठविसकोट-९ | वडा अध्यक्ष | | |
| १५ | श्री गंगाराम चनारा | आठविसकोट-१० | वडा अध्यक्ष | | |
| १६ | श्री सिता शाह | नगरपालिका | सदस्य | | |
| १७ | श्री हस्ते आग्री | आठविसकोट-११ | वडा अध्यक्ष | | |
| १८ | श्री खुम्मे कुसारी | आठविसकोट-१२ | वडा अध्यक्ष | | |
| १९ | श्री विनोद पुन | आठविसकोट-१३ | वडा अध्यक्ष | | |
| २० | श्री हुकुम बहादुर पुन | आठविसकोट-१४ | वडा अध्यक्ष | | |
| २१ | श्री कल्पना खड्का | नगरपालिका | सदस्य | | |
| २२ | श्री गोरखबहादुर कामी | नगरपालिका | सदस्य | | |
| २३ | श्री आसिराम वि.क. | नगरपालिका | सदस्य | | |
| २४ | श्री धन्नामे परियार | नगरपालिका | सदस्य | | |
| २५ | मनकली कामी | नगरपालिका | सदस्य | | |

अन्य सहयोगी उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| १ | श्री उत्तम वि.सी. | नगरपालिका | मेकानिकल इन्जिनियर | | |
| २ | श्री मुमे दमाई | नगरपालिका | कार्यालय सहयोगी | | |
| ३ | श्री तस्विर परियार | नगरपालिका | कार्यालय सहयोगी | | |

## २०७६ मंसिर ५ गतेको नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु

| क.स. | प्रस्तावको विवरण | निर्णय हुनुपर्ने व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | आठविसकोट नगरपालिका स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण विधेयक २०७६ को मस्यौदा स्वीकृति सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार मस्यौदा विधेयक स्वीकृत गर्ने | |
| २ | आठविसकोट नगरपालिका सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७६ सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार आठविसकोट नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७५ संशोधन गर्ने गरी प्रस्ताव स्वीकृत गर्ने । | |
| ३ | आठविसकोट नगरपालिका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समिति (पहिलो संशोधन) सम्बन्धि कार्यविधि, २०७६ सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार आठविसकोट नगरपालिका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धि कार्यविधि, २०७५ संशोधन गर्ने गरी प्रस्ताव स्वीकृत गर्ने । | |
| ४ | आठविसकोट नगरपालिका नगर प्रहरी (पहिलो संशोधन) विनियमावली २०७६ सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार आठविसकोट नगरपालिका नगर प्रहरी विनियमावली, २०७४ संशोधन गर्ने गरी प्रस्ताव स्वीकृत गर्ने । | |
| ५ | आठविसकोट नगरपालिकाको कार्यालय प्रयोजनको लागि जग्गा खरिद गर्ने सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार जग्गा खरिद गर्ने गरी प्रस्ताव स्वीकृत गर्ने । | |
| ६ | आठविसकोट नगरपालिका कृषि सेवा केन्द्रको कार्यालय प्रयोजनको लागि घरभाडामा लिने एवम् नगरपालिकाको तर्फबाट मौसमि तथा बेमौसमि तरकारी खेति, च्याउ खेति लगायतको नमूना कृषि व्यवसाय सञ्चालन गर्न जग्गा भाडा लिने सम्बन्धि प्रस्ताव | कृषि व्यवसाय प्रवर्द्धन समितिको निर्णयानुसार नगरपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार आठविसकोट नगरपालिका वडा नं. ९ राडिबजारमा घरजग्गा भाडामा लिने सम्बन्धमा मिति २०७६ मंसिर ५ गते गरेको देहायको निर्णय अनुमोदन गर्ने ।<br>(क) कृषि सेवा केन्द्रको कार्यालय सञ्चालनको लागि आठविसकोट नगरपालिका वडा नं. ९ राडिबजार क्याम्पस रोडस्थित शेरे बटालाको १ सटर सहित ६ कोठे पक्की घर मासिक रु २२,०००।०० (बाईस हजारमात्र) का दरले वि.स. २०७७ असार मसान्तसम्म ।<br>(ख) नगरपालिका मार्फत मौसमि तथा बेमौसमि तरकारी खेति च्याउ खेति लगायतको नमूना कृषि व्यवसाय सञ्चालन गर्न आठविसकोट नगरपालिका वडा नं. ९ राडिबजारस्थित दलबहादुर शाह र शर्मे कुमारी शाहको करिब २८०० वर्गमिटर जग्गा वार्षिक रु १,००,०००।०० (एक लाखमात्र) का दरले कम्तिमा २० वर्षको लागि । | |
| ७ | कार्यक्रम स्वीकृति सम्बन्धि प्रस्ताव | महिला, बालबालिका तथा समाज कल्यान उपशाखाबाट महिला, दलित, अपांग, जनजाति लगायतका लक्षित वर्गसँग सम्बन्धित कार्यक्रम स्वीकृतिको लागि पेश भएको प्रस्ताव उक्त प्रस्ताव अनुसार हुने गरी स्वीकृत गर्ने । | |

२०७६।०८।०५

| २०७६ मंसिर ५ गतेको नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु | | | |
|---|---|---|---|
| क.स. | प्रस्तावको विवरण | निर्णय हुनुपर्ने व्यहोरा | कैफियत |
| ८ | मदिराजन्य पदार्थ आयात, ओसारपसार, विक्रि वितरण, गैर कानूनी ढङ्गले उत्पादन र सेवन गर्ने व्यक्तिहरुलाई जरिवाना गर्ने सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार जरिवाना तथा सजाय गर्ने गरी प्रस्ताव स्वीकृत गर्ने । | |
| ९ | एक गा.वि.स. एक प्राविधिक (कृषि र पशु सेवा प्राविधिक)को रुपमा यस नगरपालिकामा कार्यरत करार कर्मचारीहरुको म्याद थप गर्ने सम्वन्धी प्रस्ताव | साविकमा एक गा.वि.स. एक प्राविधिकको रुपमा कार्यरत कृषि र पशुसेवा प्राविधिकहरुको करार अवधि थप हुने या नहुने सम्बन्धमा निर्णय गर्नुपर्ने । | |
| १० | विविध | विविध समसामयिक विषयहरुमा छलफल गरी निर्णय गर्नुपर्ने । | |

२०७६।०८।०५

## नगर कार्यपालिकाको मिति २०७६।०८।०५ गतेका निर्णयहरु

**निर्णय नं. १** : आठविसकोट नगरपालिका स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण विधेयक २०७६ को मस्यौदा स्वीकृति सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. २** : आठविसकोट नगरपालिका सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७६ सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ३** : आठविसकोट नगरपालिका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समिति (पहिलो संशोधन) सम्बन्धि कार्यविधि, २०७६ सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ४** : आठविसकोट नगरपालिकाको कार्यालय प्रयोजनको लागि जग्गा खरिद गर्ने सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ५** : आठविसकोट नगरपालिका कृषि सेवा केन्द्रको कार्यालय प्रयोजनको लागि घरभाडामा लिने एवम् नगरपालिकाको तर्फबाट मौसमि तथा वेमौसमि तरकारी खेति, च्याउ खेति लगायतको नमूना कृषि व्यवसाय सञ्चालन गर्न जग्गा भाडा लिने सम्बन्धि प्रस्तावको सम्बन्धमा देहाय बमोजिम गर्ने :-

१. कृषि व्यवसाय प्रवर्द्धन समितिको निर्णयानुसार नगरपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार आठविसकोट नगरपालिका वडा नं. ९ राडिबजारमा घरजग्गा भाडामा लिने सम्बन्धमा मिति २०७६ मंसिर ५ गते गरेको देहायको निर्णय अनुमोदन गर्ने ।

(क) कृषि सेवा केन्द्रको कार्यालय सञ्चालनको लागि आठविसकोट नगरपालिका वडा नं. ९, राडिबजार क्याम्पस रोडस्थित श्री शेरे बटालाको १ सटर सहित ६ कोठे पक्की घर मासिक रु. २२,०००।०० (बाईस हजारमात्र) का दरले वि.स. २०७७ असार मसान्तसम्म ।

(ख) नगरपालिका मार्फत मौसमि तथा वेमौसमि तरकारी खेति, च्याउ खेति लगायतको नमूना कृषि व्यवसाय सञ्चालन गर्न आठविसकोट नगरपालिका वडा नं. ९, राडिबजारस्थित दलबहादुर शाह र शर्म कुमारी शाहको करिव २८०० वर्गमिटर जग्गा वार्षिक रु. १,००,०००।०० (एक लाखमात्र) का दरले कम्तिमा २० वर्षको लागि ।

**निर्णय नं. ६** : मदिराजन्य पदार्थ आयात, ओसारपसार, विक्रि वितरण, गैरकानूनी ढङ्गले उत्पादन र सेवन गर्ने व्यक्तिहरुलाई जरिवाना गर्ने सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।



राम बहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७** : महिला, बालबालिका तथा समाज कल्यान उपशाखाबाट महिला, दलित, अपांग, जनजाति लगायतका लक्षित वर्गसँग सम्बन्धित कार्यक्रम स्वीकृतिको लागि पेश भएको प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :-

१. अपाङ्ग लक्षित सीपमूलक तथा क्षमता विकास तालिम, आयआर्जनको लागि व्यवसायमा सहयोग लगायतका अपांग लक्षित कार्यक्रमको हकमा देहाय बमोजिम गर्ने :-
   (क) अपांगता दिवशको लागि रु. ८२,०००।०० (बयासी हजार रुपैयाँमात्र) ।
   (ख) वडा नं. ९, राडिबजारस्थित अपांग लक्षित भवन मर्मत संभार खर्च रु. २,००,०००।०० (दुई लाख रुपैयाँमात्र) ।
   (ग) अपांग लक्षित सिलाईकटाई तालिम (स्तरवृद्धि) सञ्चालन खर्च रु. ३,००,०००।०० (तीन लाख रुपैयाँमात्र) ।
   (घ) अपांग लक्षित बाख्रापालक व्यवसायिकहरुलाई व्यवसायमा प्रोत्साहन गर्न व्यवसायिक सहयोग तथा अनुदान रु. १,१८,०००।०० (एक लाख अठार हजार रुपैयाँमात्र) ।
   कूल जम्मा रु. ७,००,०००।०० (सात लाख रुपैयाँमात्र)
२. दलित लक्षित सीपमूलक तथा क्षमता विकास तालिम/आयआर्जन/उच्च प्राविधिक शिक्षा अध्ययनको लागि छात्रवृत्ति लगायत दलित लक्षित सीपमूलक तथा व्यवसायिक कार्यक्रमको हकमा प्रति वडा रु. ५०,०००।०० (पचास हजार रुपैयाँमात्र) का दरले बजेट विनियोजन गर्ने । सम्बन्धित वडा कार्यालयले वडा समितिको निर्णय सहित नगरपालिकामा कार्यक्रम सिफारिस गर्ने र उक्त कार्यक्रम स्वीकृत भईसकेपछि वडा मार्फत कार्यक्रम कार्यान्वयन गराउने ।
३. जनजाति लक्षित सीपमूलक तथा क्षमता विकास तालिम/आयआर्जन/उच्च प्राविधिक शिक्षा अध्ययनको लागि छात्रवृत्ति लगायत दलित लक्षित सीपमूलक तथा व्यवसायिक कार्यक्रमको हकमा प्रति वडा रु. ३५,५००।०० (पैंतिस हजार पाँच सय रुपैयाँमात्र) का दरले बजेट विनियोजन गर्ने । सम्बन्धित वडा कार्यालयले वडा समितिको निर्णय सहित नगरपालिकामा कार्यक्रम सिफारिस गर्ने र उक्त कार्यक्रम स्वीकृत भईसकेपछि वडा मार्फत कार्यक्रम कार्यान्वयन गराउने ।
४. महिला लक्षित एकल महिला आयआर्जन कार्यक्रम (एकल विपन्न महिला बाख्रा पालन कार्यक्रम) को हकमा प्रति वडा रु. ५०,०००।०० (पचास हजार रुपैयाँमात्र) का दरले बजेट विनियोजन गर्ने । सम्बन्धित वडा कार्यालयले बाख्रापालनको लागि इच्छुक एकल

राम बहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

विपन्न महिलालाई वडा समितिको निर्णयबाट नगरपालिकामा सिफारिस गर्ने र पशुसेवा प्राविधिकहरुसँगको समन्वयमा बाख्रा खरिद गरी वितरण गर्ने ।

५. जेष्ठ नागरिक लक्षित विपन्न वर्गका ज्येष्ठ नागरिकको लागि न्यानो कपडा वितरण/जेष्ठ नागरिक सम्मान कार्यक्रम/वृद्धाश्रम/धर्मशालाको निर्माण तथा सञ्चालन शिर्षकमा विनियोजित बजेटमध्येबाट आठविसकोट नगरपालिका वडा नं. ९ राडिबजारस्थित वृद्धाश्रमको मर्मत संभार तथा स्तरोन्नति गर्न रु ६,६०,०००।०० (छ लाख साठी हजार रुपैयाँ) र वडा नं. ११ गत्तसैनामा रहेको वृद्धाश्रमको लागि जग्गा खरिद गर्न रु. १,५०,०००।०० (एक लाख पचास हजार रुपैयाँ) विनियोजन गर्ने ।

<u>निर्णय नं. ८</u> : एक गा.वि.स. एक प्राविधिक (कृषि र पशु सेवा प्राविधिक) को रुपमा यस नगरपालिकामा कार्यरत करार कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धी प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(क) कृषि सेवा प्राविधिक श्री राजेन्द्र परियार र पशु सेवा प्राविधिक श्री कमल के.सी., श्री विष्णु खड्का, श्री पदक के.सी. र श्री कमला मल्लको करार अवधि आर्थिक वर्ष २०७६।०७७ को असार मसान्तसम्म थप गर्ने ।

(ख) करार अवधि थप गरे वापतको पारिश्रमिक संघीय सरकारबाट प्राप्त भएमा सोही बजेटबाट र संघीय सरकारबाट प्राप्त नहुने भएमा नगरपालिकाको आफ्नै स्रोतबाट व्यहोर्ने ।

<u>निर्णय नं. ९</u> : नगरपालिकामा कार्यरत करार कर्मचारीहरु, सामुदायिक विद्यालयमा कार्यरत स्वयमसेवक शिक्षकहरु, नगर अस्पतालमा कार्यरत करार कर्मचारीहरु, कृषि सेवा केन्द्रमा कार्यरत करार कर्मचारीहरु र शहरी स्वास्थ्य इकाईमा कार्यरत करार कर्मचारीहरुमध्ये कार्य सम्पादनस्तर राम्रो भएका कर्मचारीहरुको करार अवधि स्थायी कर्मचारी खटिई आएमा वा अर्को व्यवस्था भएमा सोही बमोजिम हुने गरी आर्थिक वर्ष २०७६।०७७ को असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १०</u> : यस नगरपालिकामा स्वीकृत सङ्गठन संरचना र दरबन्दी अनुसार पदपूर्ति हुने अवस्था नरहेको, पदपूर्ति नहुँदा नगरपालिकाको सार्वजनिक सेवा प्रवाहमा प्रतिकूल असर पर्ने देखिएको, कर्मचारी समायोजन ऐन, २०७५ को दफा ९ को उपदफा (९) मा **सङ्घको सेवाको पदमा समायोजन भएका कर्मचारीलाई सम्बन्धित प्रदेश वा स्थानीय तहको मागको आधारमा प्रदेश वा स्थानीय तहमा कामकाज गर्ने गरी खटाउन सकिने छ** भन्ने व्यवस्था रहेको सन्दर्भमा सङ्घमा



राम बहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

समायोजन भई यस कार्यालयमा लामो समयदेखि कार्यरत राजपत्र अनङ्कित द्वितीय श्रेणी खरिदार श्री रत्नबहादुर परियारलाई यस नगरपालिकामा कम्तिमा एक वर्षको लागि कामकाज गर्ने गरी खटाउन माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११** : (१) नगरपालिकाभित्र वर्षैभरी लाग्ने मेलाहरुको देहाय बमोजिम वर्गीकरण गरियो :-

| क.स. | मेलाको नाम | ठेगाना | मेला लाग्ने समय | वर्गीकरण | कैफियत |
|---|---|---|---|---|---|
| १. | चौतारा मेला | वडा नं. ९, राडिबजार | तिहारको पाँच दिनपछि | क वर्ग | |
| २. | बगेना मेला | वडा नं. ४, बगेना | कोजागत पूर्णिमा | ख वर्ग | |
| ३. | चिसापानी मेला | वडा नं. ९, चिसापानी | कार्तिक कृष्ण पक्ष दशमी | ख वर्ग | |
| ४. | साईकुमारी मेला | वडा नं. १, साईकुमारी मन्दिर | कार्तिक पूर्णिमा | ख वर्ग | |
| ५. | दशैं/मंसिर पूर्णिमा मेला | वडा नं. ३, खदि | दशैं पूर्णिमा/मंसिर पूर्णिमा | ख वर्ग | |
| ६. | दशैं पूर्णिमा मेला | वडा नं. ३, पहाडा | दशैं पूर्णिमा | ग वर्ग | |
| ७. | भदौ पूर्णिमा मेला | वडा नं. ५, गोतामकोट | भदौ पूर्णिमा | ग वर्ग | |
| ८. | दामाचौर मेला | वडा नं. ६, दामाचौर | कार्तिक कृष्ण पञ्चमि | ग वर्ग | |
| ७. | भदौ पूर्णिमा मेला | वडा नं. ७ र ८ दाजे | भदौ पूर्णिमा | ग वर्ग | |
| १०. | दशैं मेला/झिनचौर मेला | वडा नं. १०, कोट/झिनचौर | दशैं पूर्णिमा/कार्तिक कृष्ण पञ्चमि | ग वर्ग | |
| ११. | जेष्ठ पूर्णिमा मेला | वडा नं. १२, बार्खु | जेष्ठ पूर्णिमा | ग वर्ग | |
| १२. | नयाँ वर्ष मेला | वडा नं. १३, घेत्मा | वैशाख १ | ग वर्ग | |
| १३. | बाँकिज्यूउला मेला | वडा नं. १४, बाँकिज्यूउला | असोज कृष्ण चौथि | ग वर्ग | |



राम बहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

(२) आगामि आर्थिक वर्षदेखि उल्लेखित मेलाहरुको व्यवस्थापन तथा सञ्चालनको लागि देहाय बमोजिम व्यवस्थापन खर्च उपलब्ध गराउने :-

(क) **क** वर्गको मेला व्यवस्थापनको लागि एकमुष्ट रु २,२५,०००।०० (दुई लाख पच्चीस हजार रुपैयाँमात्र) ।

(ख) **ख** वर्गको मेला व्यवस्थापनको लागि एकमुष्ट रु १,००,०००।०० (एक लाख रुपैयाँमात्र) ।

(ग) **ग** वर्गको मेला व्यवस्थापनको लागि एकमुष्ट रु ३०,०००।०० (तीस हजार रुपैयाँमात्र)

(३) यस आर्थिक वर्षमा नगरपालिकाभित्रका विभिन्न स्थानमा आयोजना गरिएको मेलाहरुमा आयोजना गरिएका खेलकूद प्रतियोगिताहरुमा देहाय बमोजिम प्रथम पुरुस्कार वापतको रकम नगरपालिकाले उपलब्ध गराउने गरी युवा तथा खेलकूद विकास समितिबाट पेश भएको प्रस्ताव स्विकृत गर्ने निर्णय गरियो :-

(१) राडिज्यूउला चौतारा मेला वडा नं. ९ एकमुष्ट रू २,२५,०००।००
(२) गोतामकोट बगेना मेला वडा नं. ४ एकमुष्ट रू ६०,०००।००
(३) खदी दशैं विशेष मेला वडा नं. ३ एकमुष्ट रू १,१०,०००।००
(४) बाँकेज्यूउला मेला वडा नं. १४ एकमुष्ट रू ५०,०००।००
(५) झिनचौर मेला वडा नं. १० एकमुष्ट रू ३०,०००।००
(६) चिसापानी मेला वडा नं. ११ एकमुष्ट रू २,०६,०००।००
(७) राडी पाँचपूर्णिमा मेला वडा नं. ९ एकमुष्ट रू ५०,०००।००
(८) गत्तसैना मैला वडा नं. ११ एकमुष्ट रू १०,०००।००
(९) कोटमेला दशैं विशेष वडा नं. १० एकमुष्ट रू ३५,०००।००
(१०) आठविसकोट नगरपालिका रङ्गशाला मर्मत संभार रु लागत अनुमान अनुसार

**कूल जम्मा रु ७,७६,०००।०० (सात लाख छैहत्तर हजार रुपैयाँ) ।**

<u>निर्णय नं. १२</u> : आठविसकोट नगरपालिकामा स्थापना हुँदै गरेको काष्ठ उद्योगको लागि लग पिलिङ मेसिन खरिद गर्न ठेक्का सम्झौता भए अनुसार स्वीकृत प्राविधिक स्पेशिफिकेशन अनुसारको उपकरण भए/नभएको चेकजाँच गरेरमात्र मेसिन उपकरण नेपाल भित्र्याउन एवम् मेसिन उपकरण सञ्चालन र उद्योग सम्वन्धि आवश्यक अध्ययन गर्न मंसिरको दोस्रो हप्तादेखि छिमेकी मूलुक



राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

चीनमा एक हप्ते भ्रमण गर्न यस नगरपालिकाको तर्फबाट देहायका पदाधिकारीहरुको भ्रमण स्वीकृति गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा आवश्यक कार्यार्थ सिफारिस गरी पठाउने निर्णय गरियो । साथै भ्रमण खर्च नियमानुसारको दैनिक भ्रमण भत्ता वा रु. २,००,०००।०० (दुई लाख रुपैयाँमात्र) मध्ये जुन कम हुन्छ सो रकम नगरपालिकाको स्रोतबाट व्यहोर्ने निर्णय गरियो ।

(क) नगर प्रमुख श्री गोर्खबहादुर के.सी.
(ख) मेकानिकल इन्जिनियर श्री उत्तम वि.सी.
(ग) हेभि इक्विपमेन्ट कार्यालय गोदावरी कैलालीमा कार्यरत मेकानिकल इन्जिनियर श्री विजयकुमार शाह

**<u>निर्णय नं. १३</u>** : कर्णाली प्रदेश सरकारबाट आठविसकोट नगरपालिका वडा नं. ६ र ११ का बाढि पहिरो पीडित घरपरिवारको आवास निर्माणको लागि प्राप्त विशेष अनुदान वापतको रकमबाट बाढि पहिरो पीडित घरपरिवारहरुको वास्तविक तथ्याङ्क संकलन गरी अतिविपन्न एवम् बाढि पहिरोको कारण घरजग्गा नष्ट भई कहिँकतै पनि घर/आवासको टुङ्गो नभएका पीडित घरपरिवारको आवास निर्माण गर्न स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्न नगर उपप्रमुख श्रीमति गीता नेपालीज्यूको संयोजकत्वमा देहायका सदस्यहरु रहेको समिति गठन गर्ने र उक्त समितिले यहि २०७६ मंसिर १५ गतेभित्र नगरपालिकामा प्रतिवेदन पेश गर्ने निर्णय गरियो :-

| | |
|---|---|
| (क) नगर उपप्रमुख श्रीमति गीता नेपाली | संयोजक |
| (ख) ६ नं. वडा अध्यक्ष श्री डिल बहादुर सार्की | सदस्य |
| (ग) ११ नं. वडा अध्यक्ष श्री हस्ते आग्री | सदस्य |
| (घ) १० नं. वडा अध्यक्ष श्री गंगाराम चनारा | सदस्य |
| (ङ) १३ नं. वडा अध्यक्ष श्री विनोद पुन | सदस्य |
| (च) नगर कार्यपालिका सदस्य श्री गोरखबहादुर कामी | सदस्य |
| (छ) पूर्वाधार विकास शाखा प्रमुख इन्जिनियर श्री ठकेन्द्र चन्द | सदस्य |
| (ज) अमिन श्री मनिराज के.सी. | सदस्य |
| (झ) नगर प्रहरी सहायक निरीक्षक श्री खडक बहादुर बुढा | सदस्य – सचिव |

**<u>निर्णय नं. १४</u>** : (क) युवा तथा खेलकूद विकास समितिका अध्यक्षलाई एकमुष्ट मासिक रु १३,०००।०० (तेह हजार रुपैयाँमात्र) सुविधा उपलब्ध गराउँदै आएकोमा मिति २०७६ मंसिर १ गतेदेखि लागू हुने गरी देहाय बमोजिमको सुविधामात्र उपलब्ध गराउने निर्णय गरियो :-



राम बहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

## युवा तथा खेलकूद विकास समितिका अध्यक्षको सुविधा

| क्र.स. | सुविधाको विवरण | सुविधा वापत प्राप्त हुने रकम रु | कैफियत |
|---|---|---|---|
| १. | खाजा खर्च | ३,०००।०० | मासिक |
| २. | टेलिफोन, मोवाइल खर्च | २,०००।०० | मासिक |
| ३. | यातायात खर्च | ४,०००।०० | मासिक |
| ४. | अतिथि सत्कार खर्च | ४,०००।०० | मासिक |
| ५. | फिल्ड भत्ता | ४,०००।०० | मासिक |
| ६. | पुस्तक, पत्रपत्रिका, इन्टरनेट खर्च | १,०००।०० | मासिक |
| ७. | बैठक भत्ता | १,०००।०० | प्रति बैठक |
| ८. | सरसफाई, मर्मत | १,०००।०० | मासिक |

(ख) बुँदा नं. (क) मा उल्लेखित सुविधा प्राप्त गर्नुपूर्व महिनाभरी सम्पादन गरेका कार्यहरुको प्रगति विवरण नगरपालिका समक्ष पेश गर्नु पर्नेछ । पेश भएको प्रतिवेदनको आधारमा उक्त सुविधा एकमुष्ट रुपमा बैंक खाता मार्फत उपलब्ध गराईनेछ ।

(ग) युवा तथा खेलकूद विकास समितिको बैठक कार्यविधिले तोके बमोजिम बस्नेछ । बैठक भत्ता वापत समितिका पदाधिकारीहरुलाई महिनामा बढिमा एउटा बैठक वापत रु १,०००।०० प्रति व्यक्तिका दरले बैठक भत्ता उपलब्ध गराउन सकिनेछ ।

<u>निर्णय नं. १५</u> : लैङ्गिक हिंसा विरुद्धको सोह्र दिने अभियान नगरपालिका एवम् नगरपालिकाभित्रका १४ वटै वडामा भव्यतापूर्वक मनाउन महिला, बालबालिका तथा समाजकल्यान उपशाखाबाट कार्यक्रम खर्च शिर्षकबाट व्यहोर्ने गरी प्रस्तावित रु. ४,८५,०००।०० (चार लाख पचासी हजार रुपैयाँमात्र) को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १६</u> : नगरपालिका कार्यालयबाट माटो परिक्षण गरे वापत देहायको शुल्क लिने निर्णय गरियो :-

(क) माटोको अम्लिय वा क्षारियपन परिक्षण शुल्क रु १०।०० प्रतिपटक

(ख) नाइट्रोजन, फस्फोरस र पोटास (NPK) परिक्षण रु १००।०० प्रतिपटक



राम बहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १७** : नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार नगरपालिकाले परामर्श सेवा मार्फत तयार पारेको स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना (LDCRP) को मस्यौदा नगर कार्यपालिकामा प्रस्तुत गरी छलफल गरियो । उक्त मस्यौदाको विस्तृत अध्ययन गरी संशोधन वा थपघट गर्नुपर्ने विषयहरु संशोधन वा थपघट गरी उक्त योजना स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

२०७६/०८/०८
राम बहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत